फोनः ०५६-४१०१२२/४१०१११
इमेलः ichchhakamanaruralmun@gmail.com
वेबसाइटः ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कुरिनटार, चितवन
## बागमती प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं.

मिति २०८२/०६/२८

**विषय : करारमा शिक्षक पदपुर्ति सम्बन्धी पुनः सूचना।**

यस गाउँपालिकाको मितिः२०८२/०६/२८ को निर्णय अनुसार "इच्छाकामना गाउँपालिका करार शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०८०, बमोजिम यस पालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा निम्न अनुसारको रिक्त शिक्षक पदहरुमा पदपुर्तिका लागि मिति २०८२/०२/०१ गते प्रकाशित विज्ञापन नं. १५/०८१/०८२ को प्राथमिक शिक्षक तृतीय राहत दरबन्दीको परीक्षा हुन बाकी रहेको,उक्त विज्ञापनको परीक्षासँग सम्बन्धित दरखास्त फाइलहरु मिति २०८२ भाद्र २४ गते भएको जेन्जी आन्दोलनका क्रममा कार्यालयमा भएको तोडफोड र आगजानीका कारणले नष्ट भएकाले पुनः विज्ञापन गरिएको जानकारी सहित,योग्यता पुगेका नेपाली नागरिकले तपसिलमा उल्लेख भएको कागजात सहित विज्ञापन प्रकाशन भएको मितिले १५ दिन भित्र यस गाउँपालिकामा आवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ। साथै सूचना र दरखास्त फाराम यस कार्यालयको वेवसाइट www.ichchhakamanamun.gov.np मा अपलोड गरीएको छ।

| क्र. सं. | विज्ञापन नं | पद/तह | विषय | संख्या | दरवन्दीको प्रकार | विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ६ | ९-०८२/८३ | प्राथमिक शिक्षक तृतीय | प्राथमिक | १ | राहत | श्री राष्ट्रिय मा.वि. हात्तीवाङ -१ | |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता

क) **विज्ञापन नं.** ९-०८२/८३ को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको।

२. निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :

क) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु। ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

ग) शिक्षण अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि। घ) अनुभव वापत अंकका लागी सम्बन्धित तहमा नियुक्ती र सेवा प्रमाणित कागजात पेश गर्नु पर्नेछ। ङ) प्रा. वि. करार सुचीको हकमा विज्ञापन खुलेको ५ दिन भित्र आवश्यक कागजात पेश गर्नु पर्नेछ।

३. परीक्षाको किसिम : लिखित, अन्तर्वार्ता तथा प्रयोगात्मक (आवश्यकता अनुसार) ४. पाठ्यक्रमः शिक्षक सेवा आयोगले तोके बमोजिम।

**५. उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।**

६. आवेदन दस्तुर **: Global IME बैक कुरिनटार शाखामा रहेको विविध खर्च खाता 12104010000014 वा कार्यालयको राजश्व शाखामा प्रा.वि. तह रु. ५००/- दाखिला गर्नुपर्नेछ।**

७. सूचना प्रकाशन मितिः२०८२/०६/ २८ र दरखास्त दिने **अन्तिम मितिः**२०८२/०७/**११** गते कार्यालय समय भित्र।

८. सम्पर्क र परीक्षा मिति सूचनाबाट प्रकाशित गरिनेछ। ९. तलव स्केलः नियमानुसार।

१०. सम्पर्क फोन नं ९८४८४८००२१ (कार्यालय समय भित्र मात्र।)

११. रित नपुगेको वा म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही गरिने छैन।

१२. विज्ञापनको विस्तृत विवरण पालिकाको वेवसाइटमा मितिः२०८२/०७/२८ गते अपलोड गरिएको छ।

**नोटः उपर्युक्त विज्ञापनबाट छनौट भएका उम्मेदवारहरुलाई योग्यताक्रमका आधारमा पदस्थापन गरिनेछ। उम्मेदवारहरुको योग्यताक्रम सहितको नामावली प्रकाशन गरी पालिका अन्तर्गत विद्यालयहरुमा रिक्त हुन आउने करार, राहत र गा.पा. अनुदान कोटामा क्रमशः पदस्थापन गरिनेछ।**

बोधार्थः सूचना प्रविधि अधिकृत गा.पा. को website मा अपलोड गर्नुहुन।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत